आज मिति २०७८/०९/२७ गतेका दिन दिउँसो २:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री नृप वहादुर वडज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री नृप वहादुर वड | नगर प्रमुख | |
| २) | श्री सुशीला मिश्र भट्ट | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४) | श्री नर वहादुर बम | कार्यपालिका सदस्य | |
| ५) | श्री वल वहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६) | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७) | श्री हिरा सिंह पातली | कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९) | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १०) | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | |
| १२) | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३) | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४) | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५) | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६) | श्री राम वजारी चौधरी | कार्यपालिका सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १७) | श्री फुल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८) | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २०) | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१) | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२) | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३) | श्री वसन्त कुमार ठाकुर | कार्यापालिका सदस्य | |
| २४) | श्री कल्याणी सिंह | कार्यापालिका सदस्य | |
| २५) | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७) | श्री प्रेम वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २८) | श्री रिष्मी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९) | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३०) | श्री रामलाल श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |
| ३१) | श्री दिजराज भट्ट | आमन्त्रित | |
| ३२) | श्री नारायण प्रशाद शर्मा | आमन्त्रित | |
| ३३) | | | |
| ३४) | | | |

Scanned with CamScanner

**निर्णय नं. १.**

नेपाल सरकार, राष्ट्रिय योजना आयोग सिंहदरवार, काठमाडौंको मिति २०७८/०८/२४ मा प्रकाशित सूचना अनुसार आगामी आ. व. २०७९/०८० मा संचालन हुने संघीय समपुरक र विशेष अनुदान अन्तर्गत देहाय बमोजिमका आयोजनाहरु प्राथमिकताक्रम अनुसार छनौट गरि पठाउने र समपूरक अनुदान तर्फका स्वीकृत आयोजनाहरुको लागि लागत सहभागिताको लागि ५० प्रतिशत यस उप-महानगरपालिकाले आफ्नो स्रोतबाट ब्यहोर्ने प्रतिवद्धता समेत गरियो ।

**(क) समपुरक अनुदान तर्फः**

- इन्द्रोदय आधारभूत विद्यालय भवन निर्माण – फुलबारी १८
- धनगढी-१३ एयरपोर्ट पछाडी देखि वेला हुँदै वडा नं. ६ सम्मको सडक निर्माण।

**(ख) विशेष अनुदान तर्फः**

- नवदुर्गा मन्दिर नजिकको पुल निर्माण – वडा नं. ८
- जनप्रिय आधारभूत विद्यालयको भवन निर्माण- वडा नं. १९ आई गाउँ

**निर्णय नं. २**

यस उप-महानगरपालिकाको आ.व. ०७८/०७९ को स्वीकृत कार्यक्रम तर्फ तपसिलका कार्यक्रममा विनियोजित बजेट देहाय बमोजिम बाँडफाड गर्ने निर्णय गरियो।

| सि.नं. | स्वीकृत कार्यक्रम | बजेट शिर्षक | बजेटको श्रोत | बजेट | रकम बाडफाँड गर्नु पर्ने शिर्षक | बजेट (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | साँझेदारीमा कृषि कार्यक्रम संचालन (पेज नं. १६४ सि.नं. ८१८) | २२५२२ | ऋण (नेपाल सरकार समानिकरण अनुदान) | ३००० | वडा नं. १३ को श्रीलंका मुक्त कमैया शिविरको ज्योती बेमौसमी तरकारी उत्पादन कृषक सप्रोस नेपाल संगको साँझेदारीमा च्याउ खेतीका लागि ट्रस निर्माण | ५०० | |
| | | | | | वडा नं. १६ भादामा कृषि उपज संकलन केन्द्रको घेरबार र अन्य निर्माण | ५०० | |
| | | | | | वडा नं. १७ पथरीमा कृषि उपज संकलन केन्द्र निर्माण | १५०० | |
| | | | | | वडा नं. ६ को दोधरामा कृषि उपज संकलन केन्द्र निर्माण | ५०० | |
| | | | | | | ३००० | |
| २. | कृषि उपज बजार पूर्वाधार निर्माणका | २२५२२ | नेपाल सरकार (सशर्त अनुदान) | २५५० | वडा नं. १६ भादामा कृषि उपज संकलन | १०५० | |

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लागि सहयोग (पेज नं. १७५ सि.नं. ९३२) | | | | केन्द्रको घेरबार र अन्य निर्माण | | |
| | | | | | वडा नं. १७ पथरीमा कृषि उपज संकलन केन्द्र निर्माण | १००० | |
| | | | | | वडा नं. ६ को दोधरामा कृषि उपज संकलन केन्द्र निर्माण | ५०० | |
| | | | | | | २५५० | |

**निर्णय नं. ३**

यस उप-महानगरपालिकाको आ.व. ०७८/०७९ को स्वीकृत कार्यक्रम तर्फ तपसिलका कार्यक्रममा विनियोजित बजेट देहाय बमोजिम बाँडफाड गर्ने निर्णय गरियो।

| सि.नं. | स्वीकृत कार्यक्रम | बजेट शिर्षक | बजेटको श्रोत | बजेट | रकम बाडफाँड गर्नु पर्ने शिर्षक | बजेट (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | औषधी सर्जिकल सामाग्री खरीद | २७२१३ | संघीय सरकार समानिकरण अनुदान | ४५०० | ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमका लागि USG मेसिन खरीद | १५०० | |
| | | | | | नयाँ स्थापना भएका स्वास्थ्य संस्थाहरुमा HMIS र ELMIS मा नियमित रिपोर्टीङ्गका लागि कम्प्युटर,प्रिन्टर खरीद | ८०० | |

**निर्णय नं. ४**

आ.व. ०७९/०८० का लागि ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् र संकलन कार्यका लागि खुटीया नदी, मोहना नदी, शिवगंगा नदी र घुरही नदी प्रणालीको प्रारम्भीक वातावरणीय परीक्षण (IEE) गर्ने र लाग्ने रकम पुजीगत परामर्श सेवा शिर्षकबाट खर्च गर्ने।

**निर्णय नं. ५**

धनगढी-१७ धुर्जन्नामा रहेको चाँदनी पार्कको विस्तृत इन्जिनियरिङ्ग अध्ययन गरि DPR तयार गर्ने र सो रकम सोही पार्कको विकास शिर्षकबाट खर्च गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

क्षेत्रीय शहरी विकास आयोजना अन्तरगत निर्माण भई रहेका सडकहरुमा सडक विस्तार गर्दा स्वयंम आफ्नो संरचना भत्काउने घर धनिहरुको घरमा रंगरोगन गरे वापत नगरपालिकाको आ.व. ०७८/०७९ को नीति अनुसार भुक्तानी दिन रु. ५००,०००।– भैपरी पुजीगत शिर्षकबाट विनियोजन गर्ने र उक्त कार्य पूर्वाधार विकास समितिको सिफारिसमा गर्ने।

Scanned with CamScanner

निर्णय नं. ७

श्री महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौंको मिति २०७८/०९/०१ को सूचना अनुसार धनगढी-४ शिवपुरी र धनगढी-१८ फुलबारी स्थित जेष्ठ नागरिक भवनहरुको व्यवस्थापन र मर्मतका लागि प्रस्ताव तयार गरि पठाउने निर्णय गरियो । साथै उक्त जेष्ठ नागरिक मिलन केन्द्र संचनालनको खर्च धनगढी उप- महानगरपालिका द्वारा व्यहोर्ने प्रतिवद्दता समेत गरियो ।

निर्णय नं. ८

आ.व. ०७९/८० का लागि तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु समावेश गराउनका लागि शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई धनगढीलाई सिफारिस गर्ने निर्णय गरियो ।

१. धनगढी-५ ज्योतीनगर कृष्ण शाहीको घर र भोज बमको घर हुँदै जाने सडक कालोपत्रे ।
२. धनगढी-१२ वी गाउँ प्राईम एकेडेमी स्कुल देखी कानीखोला नयाँ पुल सम्म सडक कालोपत्रे ।
३. धनगढी-५ हसनपुर –UN- सडक स्तरउन्नती गर्ने काम ।
४. धनगढी-७ मनेहरा घुइयाघाट सडक स्तरउन्नती गर्ने काम ।
५. धनगढी-३ भागेश्वर टोल सडक कालोपत्रे ।
६. धनगढी- ४ कैलास टोल नयाँ टोल सडक कालोपत्रे ।

निर्णय नं. ९

यस धनगढी उप-महानगरपालिकाको राजश्व परामर्श समितिबाट निर्णय भई अनुमोदनका लागि पेश हुन आएका तपसिल बमोजिमका निर्णयहरु अनुमोदन गरियो ।

तपसिल:-

क) यस नगरपालिकाको आ.व. ०७८/०७९ का लागि तपसिल बमोजिमको शिर्षकमा तपसिल बमोजिमको वार्षिक व्यवसाय कर स्वीकृत गरि लागू गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

✓ Geo Test Lab रु. ६०००।–

ख) यस नगरपालिकाको स्वामित्वमा रहेको वडा न. ४, स्थित बसपार्क २०७८ साल माघ ७ गते सम्मका लागि ठेक्कामा लगाएकोमा उक्त ठेक्का अवधि सकिन लागेको हुदा चालु आ.ब. को बाकीं अवधि (असार मसान्त) सम्मका लागि ठेक्कामा लगाउनु पर्ने भएकोले गत आ.ब.मा ठेक्का स्वीकृत भएको रकम रु. ४९,९९,९९९ लाई आधार मानी चालु आ.ब. को बाकीं समयावधि सम्म (१५९ दिनको) दामसाहिले हुन आउने रकम रु. २१,७८,०८२ (अक्षरुपी एक्काईस लाख अठहत्तर हजार बयासी मात्र) न्युनतम रकम कायम गरी बिधुतिय सूचना प्रणाली माध्यमबाट प्रस्ताव आव्हान गर्न ३० दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने र यसरी कायम भएको न्युनतम अंक रकमलाई आगामी कार्यपालिकामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

ग) यस धनगढी उप-महानगरपालिकाको स्वामित्वमा रहेको वडा न. १, पशुपति टोल, शिव मन्दिर पश्चिम मेनरोडमा अवस्थित जग्गामा बनेको घर/टहरा विगत लामो समय देखि थोरै रकममा भाडामा लागी रहेकोमा मिति २०७८ साल असोज ७ गतेको राजश्व परामर्श समितिबाट स्थलगत निरिक्षण गरी नयाँ भाडादर सिफारिस गर्न गठित समितिबाट प्राप्त अनुसार न्युनतम रु. २,५०० देखि अधिकतम रु. ३,५०० सम्म भाडा दर सिफारिस भएको हुदा सोहि अनुसार आवश्यक निर्णयका लागि कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो । उक्त भाडा दर कायम गर्दा पछाडीबाट क्रमै संग १०, ९, ८, ७, ६, ५, ४, ३, २, १ / २५००, २६००, २७००, २८००, २९००, ३०००, ३१००, ३२००, ३३००, ३५०० अनुसार कायम गरिनेछ ।

निर्णय नं. १०

मिति २०७७/१०/२९ कार्यपालिकाको निर्णय अनुसार बस पार्कका लागि जग्गा भाडामा लिने सम्बन्धमा मिति २०७८/०६/१८ मा दोश्रो पटक सूचना प्रकासित भई पर्न आएका बोलपत्र मध्ये सबै भन्दा कम जग्गा भाडा कबोल गर्ने गोबिन्द बहादुर शाहले बार्षिक रु. ७,४४,००० मा साकार गरेकोमा निज गोबिन्द बहादुर शाहले हिक्मत बहादुर मल्लको नामको दर्ता श्रेस्ता भएको जग्गा निजको मन्जुरी नामा लिई आफ्नो नामबाट प्रस्ताव पेश गरेकोमा निजको प्रस्ताव स्वीकृत गर्ने निज गोबिन्द बहादुर शाह बाट भविस्यमा कुनै किसमको हानी नोक्सानी भएमा सो को सम्पूर्ण दायित्व लिने छु भन्ने कागज लिई सम्झौता गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ११**

यस धनगढी उप-महानगरपालिका अन्तर्गत संचालन हुने ई-रिक्साहरुको दर्ता, नबिकरण लगायत सम्पूर्ण कार्यहरु हाल सम्म राजस्व व्यवस्थापन शाखाबाट सम्पादन हुदै आएकोमा उक्त शाखामा अधिक कार्य वोझका कारण काम गर्न असहज भएको हुदा ई-रिक्सा व्यवस्थापन सम्बन्धि सम्पूर्ण कार्यहरु सहरी विकास शाखा अन्तर्गत सार्वजनिक यातायात व्यवस्थापन उपशाखा रहने गरि उक्त उप-शाखाको जिम्मेवारी सव-मेकानिकल सव- ईन्जिनियरलाई तोक्ने र थप्र आवश्यक कर्मचारीहरु नगर कार्यपालिकाको कार्यालयबाट खटाउने निर्णय गरियो।

**निर्णय नं. १२**

यस धनगढी उप-महानगरपालिकाको आ.ब. २०७८/०७९ का लागि विभिन्न शीर्षकहरुमा ठेक्का स्वीकृत तथा सम्झौता गरेका तपशिल बमोजिमका ठेक्काहरू स्वीकृत गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो

**तपशिल**

| सि.न | बोलपत्र दाता/कबोल अंक (VAT बाहेक) | | | | | | स्वीकृत फर्म | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | **कवाडकर** | | | | | | | | |
| | Kanchan Construction & Contractors Pvt Ltd **83,51,000** | Madhusudhan Trade and Suppliers **1,38,51,111** | Ram Janaki Supliers **1,18,51,000** | SK Constroction **84,00,000** | Sonu Raj & Trade Suppliers **1,45,55,001** | ------- | सोनुराज ट्रेड्स एण्ड सप्लायर्स, धनगढी २ | १,४५,५५,००१ | |
| २ | **विज्ञापान कर** | | | | | | | | |
| | आकृति एडभरटाइजिङ, विराटनगर-३ १८,०५,००० | ऋतिक मिडिया प्रा लि, ललितपुर १८,००,००० | ------- | ------- | ------ | ------- | आकृति एडभरटाइजिङ, विराटनगर-३ | १८,०५,००० | |
| ३ | **नदी जन्य प्रदार्थ** | | | | | | | | |
| | जय कैलाश पति विल्डर्स प्रा लि, **2,19,50,925** | -------- | ------- | ------- | ------ | ------- | जय कैलाश पति विल्डर्स प्रा लि, का.म.न.पा वडा न. १०, वानेश्वर | २,१९,५०,९२५ | |
| ४ | **सरसफाई शुल्क** | | | | | | | | |
| | शुभ लक्ष्मी बिल्डर्स, धनगढी-४ १२,००,००० | ॐ ऐश्वर्य ईन्टर प्राईजेज, धनगढी-१ १०,७०,७०० | उग्रतारा कन्सट्रक्सन एण्ड सप्लायर्स, धनगढी-९ | यस निर्माण सेवा, धनगढी-५ ७,७५,००० | त्रिलोक निर्माण सेवा धनगढी-६ १०,५१,० | बालाजी कन्स्ट्रक्सन, धनगढी उ.म.न.पा. २ | बालाजी कन्स्ट्रक्सन, धनगढी उ.म.न.पा. २ | २१,५१,००० | |

Scanned with CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ७,८०,००० | | ०० | २१,५१,००० | | | |
| ५ | बहाल बिटौरी कर | | | | | | | | |
| | Balaji Construction, Dhn-2 **10,51,000** | AS Nirman Sewa, DHN-5 **9,85,000** | Paras Construction, Dhn-5 **10,50,000** | Om Aishwarya Interprises, Dhn-1 **12,25,900** | Trilok Nirman sewa, Dhn-6 **9,86,000** | Ugratara Construction and Supliers, Dhn-9 **9,90,000** | ऊँ ऐश्वर्य ईन्टर प्राईजेज, धनगढी उ.म.न.पा. १ | १२,२५,९०० | |
| ६ | बगर खेती | | | | | | | | |
| | बिर बहादुर ढाट ३३,५५० | ----------- | -------- | --------- | --------- | ---------- | ध.उप.म.न.पा. १५ | ३३,५५० | |

**निर्णय नं. १३**

यस धनगढी उप-महानगरपालिकाका विभिन्न वडाहरुमा नयाँ निर्माण भएका आधारभूत स्वास्थ्य केन्द्र भवनहरुमा पानीको व्यवस्था नभएको स्थानहरुमा गहिरो नल्का जडान शिर्षकबाट खर्च हुने गरि हेण्डपम्प र मोटर जडान गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

धनगढी उप-महानगरपालिका भित्रका विभिन्न विद्यालयहरुमा सप्रोस नेपाल संग भएको समझदारी पत्र (MOU) अनुसार प्रति विद्यालय २,००,०००।– (अक्षेरेपी दुई लाख) का दरले २४ वटा स्कुलहरुमा भान्साघर निर्माणका लागि रु. ४८००,०००।– (अक्षेरेपी अठचालिस लाख) भैपरी पुजिगत शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १५**

धनगढी उप-महानगरपालिका र सडक बोर्ड नेपालको संयुक्त लागतमा भएको आवधिक सडक मर्मत कार्यक्रममा सम्झौता अनुसार ३०% समपूरक रकम रु. ३५,००,०००।– भैपरी पुजीगत शिर्षकबाट बिनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. १६**

शर्शत अनुदान अन्तरगत विनियोजित शिर्षकबाट विभिन्न वडाहरुमा लागत सहभागितामा गोबर ग्याँस प्रविधी जडान गर्ने कार्य अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. १७**

वडा नं. ३ विद्युत प्राधिकरण कार्यालय देखि भंसार मोहना सम्म पानी नाला निकास कार्यका लागि विनियोजित बजेट शिर्षकबाट खर्च गर्ने गरि तत्काल HDPE Double Wall Corrugated Pipe खरीद गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो। साथै विद्युत कार्यालय देखि भंसार सम्म बर्षातको पानी निकास गर्नका लागि आवश्यक पर्ने Corrugated double wall plastic pipe बोलपत्रको माध्यमबाट खरीद गर्ने सूचना प्रकाशित गर्ने र समयमै उक्त पाइपहरु जडान गर्ने कामका लागि स्थानीय समुदायबाट उपभोक्ता समिति गठन गरी कार्य गराउने निर्णय गरियो।

**निर्णय नं. १८**

यस धनगढी उप-महानगरपालिकाको स्वामित्वमा रहेको वडा नं. ४ स्थित बसपार्कको पार्किङ शुल्क उठाउने ठेक्का २०७८/१०/०७ सम्मका लागि सम्झौता भएमा चालू आ.व. को बाँकी अवधिका लागि ठेक्का लगाउने कार्यका लागि विज्ञापन प्रकाशित भई प्रक्रियामा रहेकोले उक्त ठेक्का सम्झौता नहुन्जेल सम्मका लागि यस धनगढी उप-महानगरपालिका कार्यालयबाट कर्मचारी खटाई बसपार्कको पार्किङ् शुल्क उठाउने निर्णय गरियो।

Scanned with CamScanner

**निर्णय नं. १९**

जिल्ला प्रशासन कार्यालय, धनगढी कैलालीको प.स. ०७८/०७९ च.नं. २४ मिति २०७८/०४/०३ गतेको पत्र तथा गृह मन्त्रालयको (आर्थिक प्रशासन शाखा) च. नं. ८४८ मिति २०७८/०३/११ गतेको पत्रानुसार आ.व. ०७८/०७९ को बजेट बक्तव्यको बुदा नं. ६२ मा " **सरकारी र सरकारी स्वामित्वका निकायको घर, गोदाम वा जग्गा भाडामा लिई व्यवसाय गरेका व्यवसायीहरुले निषेधाज्ञा अवधिको भूक्तानी गर्नुपर्ने भाडामा ५० प्रतिशत सम्म छुट दिने व्यवस्था मिलाईनेछ"** भनि उल्लेख भए बमोजिम यस उप-महागरपालिकाले उल्लिखित बुदालाई राजश्व परामर्श समितिको सिफारिस अनुसार कार्यान्यियनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. २०**

आर्थिक मामिला मन्त्रालय सुदूरपश्चिम प्रदेशमा आर्थिक वर्ष २०७९/२०८० का लागि विशेष अनुदान तर्फ तपसिलका योजना/ कार्यक्रमको प्रस्ताव प्राथमिकता क्रम अनुसार पेश गर्ने निर्णय गरियो ।

| क्र.स | योजनाको नाम | प्राथमिकता नं. | कैफियत |
|---|---|---|---|
| १. | श्री इन्द्रोदय आधारभूत विद्यालयको भवन निर्माण धनगढी-१८ फुलबारी | १ | |
| २. | श्री शिव मा.वि. को भवन निर्माण धनगढी-७ जाखौर ताल | २ | |
| ३. | धनगढी-१ खुल्ला मन्च वडा प्रहरी कार्यालय नजिक सार्वजनिक शौचालय निमार्ण | ३ | |
| ४. | श्री भगवती आ.वि. को भवन निर्माण धनगढी-१३ | ४ | |
| ५. | धनगढी-१४ फुलबारी बिष्ट टोलमा सामुदायिक भवन निर्माण | ५ | |

**निर्णय नं. २१**

यस धनगढी उप- महानगरपालिका अन्तर्गत रहेका खुटिया नदी, शिवगंगा, मोहना तथा घुरहि नदीको IEE तयारीका लागी परामर्श सेवा शिर्षकबाट प्रक्रिया अगाढी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २२**

यस धनगढी उप- महानगरपालिका वडा न. ०४ स्थित तुलसीराम राष्ट्रिय स्कूल, वडा न. १६ स्थित शिव मा. वि., वडा नं. १४ स्थित जनजागृति मा. वि. र दिपेन्द्र चारपाते मा. वि. को च्यानल गेट निर्माण को लागी सोहि बिद्यालयको शिर्षक बाट खर्च हुनेगरी निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

यस धनगढी उपमहानगरपालिका अन्तर्गत आ. व.२०७८/०७९ मा धनगढी -०८ वडा कार्यालयम भवन अगाढी गेट र परिसरमा घेरबार निर्माण गर्नेका लागी रु. ५,००,०००/- सोहि कार्यालय निर्माण शिर्षक बजेट बिनियोजन गर्ने निर्णय गरियो

**निर्णय नं. २४**

यस धनगढी उपमहानगरपालिका अन्तर्गत आ. व.२०७८/०७९ मा धनगढी -०६ वडा कार्यालयमा ग्रिल र गेट निर्माण गर्नेका लागी रु. ५,००,०००/- सोहि कार्यालय निर्माण शिर्षक बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

यस धनगढी उपमहानगरपालिका अन्तर्गत आ. व.२०७८/०७९ मा धनगढी -१७ वडा कार्यालयमा ग्रिल र गेट निर्माण गर्नेका लागी रु. ५,००,०००/- सोहि कार्यालय निर्माण शिर्षक बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

यस धनगढी उपमहानगरपालिका अन्तर्गत आ. व.२०७८/०७९ मा धनगढी -१४ वडा कार्यालयमा ग्रिल र गेट निर्माण गर्नेका लागी रु. ५,००,०००/- सोहि कार्यालय निर्माण शिर्षक बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. २७**

यस धनगढी उपमहानगरपालिका अन्तर्गत आ. व.२०७८/०७९ मा धनगढी -०३ वडा कार्यालयमा ग्रिल र गेट निर्माण गर्नेका लागी रु. ५,००,०००/- सोहि कार्यालय निर्माण शिर्षक बजेट बिनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. २८**

यस धनगढी उपमहानगरपालिका अन्तर्गत आ. व.२०७८/०७९ मा धनगढी -०७ वडा कार्यालयमा ग्रिल र गेट निर्माण गर्नेका लागी रु. ५,००,०००/- सोहि कार्यालय निर्माण शिर्षक बजेट बिनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. २९**

यस धनगढी उप- महानगरपालिका को आ. व. २०७८/०७९ मा संचालित ठेक्का नम्बर 24/DSMC/2076/077 को Construction of Single Span ( 1x20 m ) RCC Motorable Bridge at Kailali Khola Bridge Ward No. 04 & 13 सम्बन्धी कार्यका लागी निर्माण व्यवसायीले माग गरे बमोजिम २०७९ कार्तिक मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ३०**

धनगढी उप-महानगरपालिकाको "धनगढी उपमहानगरपालिकाको दिवा खाजा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८" पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. ३१**

श्री शिक्षा विकास तथा समन्वय इकाइ कैलालीको पत्र संख्या २०७७।०७८ (वि.प्र.) च.नं. ३५६ मिति २०७७।०८।१६ र सोही इकाइको पत्र संख्या २०७८।०७९ (वि.प्र.) च.नं. ११० मिति २०७८।०५।०८ को पत्रानुसार कैलाली जिल्लाको गोदावरी नगरपालिका स्थित श्री शैलेश्वरी माध्यमिक विद्यालय गोदावरी-६, बडेहामा सञ्चालनमा रहेको विशेष शिक्षा अन्तर्गतको बहिरा बालबालिकाकाको स्रोतकक्षा विद्यालयको सहमतिमा धनगढी उपमहानगरपालिका वडा नं. ११ बेलामा रहेको श्री दक्षिणकाली वहिरा आवासीय आधारभूत विद्यालयमा सारिएकोले उक्त कक्षामा अध्यापन गर्ने २ वटा स्रोत शिक्षकको दरबन्दी र आया तथा अन्य सबै सेवा सुविधा हाल स्रोत कक्षा सञ्चालन भइरहेको श्री दक्षिणकाली वहिरा आवासीय आधारभूत विद्यालयले पाउने गरी जिल्ला शिक्षा समितिको मिति २०७७।०७।२७ को निर्णय भएको भनी जानकारी हुन आएको हुनाले श्री दक्षिणकाली वहिरा आवासीय आधारभूत विद्यालयमा १ जना आया र २ जना स्रोत शिक्षक नियुक्ति गर्न शिक्षा, युवा तथा खेलकुद महाशाखाले अनुमति दिने र अनुमति पश्चात नियुक्त हुने आया थप संख्या १ (पहिलेको आया सहित जम्मा २ जना आया) को पारिश्रमिक सुविधा स्रोत कक्षा सञ्चालन अनुदान शिर्षक र २ जना स्रोत शिक्षकको तलबभत्ता आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदानका शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद् अन्तर्गतका शिक्षक/कर्मचारीहरु समेत) शिर्षकबाट निकासा दिने निर्णय गरियो।

**निर्णय नं. ३२**

धनगढी उपमहानगरपालिका, शिक्षा, युवा तथा खेलकुद महाशाखाको आ.व. २०७८।०७९ को नगरस्तरीय शैक्षिक कार्यक्रमहरुको कार्यान्वयनका लागि श्रीमान नगरप्रमुखस्तरको निर्णयबाट मिति २०७८/०८/०३ मा स्वीकृत "नगरस्तरीय शैक्षिक (८०७७३०१३०१) कार्यक्रमहरुको कार्यान्वयन प्रक्रिया" र "नगरस्तरीय शैक्षिक (८०७७३०१३०१) कार्यक्रमहरुको खर्चको नर्म्स तथा मापदण्ड" पारित गर्ने र सोही कार्यान्वयन प्रक्रिया र खर्चको नर्म्स तथा मापदण्ड बमोजिम शिक्षा, युवा तथा खेलकुद महाशाखाबाट सञ्चालन हुने कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं. ३३**

यस उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखाका महाशाखा प्रमुख उपसचिव श्री नरेन्द्र बहादुर खाती (क.सं.नं, १५९३५३) लाई निजामती सेवा ऐन (संशोधन सहित), २०४९ को दफा ४९क को उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिम कार्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न आ.व. २०८०।०८१ सम्मका लागि देहाय बमोजिमको शर्तहरुको पालना गर्ने गरी पूर्व स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**देहाय :**

- विदा स्वीकृत गराएको अवस्थामा बाहेक कार्यालय समय बाहिरको समयमा गर्नु पर्ने।
- कार्यालयको काममा कुनै बाधा नपर्ने गरी काम गर्नु पर्ने।

Scanned with CamScanner

- प्रचलित कानून बमोजिम कर तिर्नु पर्ने ।
- एक पटकमा बढीमा तीन आर्थिक बर्षका लागि स्वीकृति दिन सकिने ।

**निर्णय नं. ३४**

उपमहानगरपालिका अन्तर्गतका विद्यार्थी संख्या न्युन भएका, भौतिक सुविधा कमजोर भएका, एक विद्यालयबाट अर्को विद्यालयबिचको दुरी नजिक भएका विद्यालयहरुलाई एकापसमा समायोजन गर्न, गराउनका लागि सम्बन्धित विद्यालय हेर्ने शिक्षा अधिकृतहरुबाट विद्यालय अनुगमन तथा सहजिकरण गरी प्रतिवेदन पेश गर्न लगाई प्रतिवेदन अनुसार गर्ने, गराउने निर्णय गरियो ।

**निर्णय नं. ३५**

साविकमा जिल्ला शिक्षा कार्यालयबाट सञ्चालित साक्षरता सम्बन्धी कार्यक्रमहरुको तथ्याङ्क अनुसार उपमहानगरपालिकाको साक्षर उपपमहानगरपालिका घोषणा गर्न सकिने देखिएकोले सबै वडाहरुले २०७८ माघ महिनाभित्र साक्षर वडा घोषणा गरी सक्ने र २०७८ फागुन भित्र साक्षर उपमहानगर घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६**

विद्यालयको लेखा परीक्षणसम्बन्धमा मिति २०७८।०४।२५ को निर्णय नं. १२ मा जुनसुकै निर्णय भएको भएतापनि नगर शिक्षा ऐन धनगढी २०७४ बमोजिम विद्यालय लेखा परीक्षणका लागि लेखा परीक्षक नियुक्ति गर्ने काम नगर शिक्षा समितिको निर्णय अनुसार शिक्षा, युवा तथा खेलकुद महाशाखाले गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३७**

धनगढी उपमहानगरपालिकाको आ.व. २०७८।०७९ मा नगरपालिका अनुदान तर्फ शिक्षा, युवा तथा खेलकुद महाशाखा अन्तर्गत विनियोजत कार्यक्रम निजीस्रोतका शिक्षकहरुको लागि थप पारिश्रमिकको कार्यान्वयन गर्न तथा निजीस्रोत शिक्षक व्यवस्थापन सम्बन्धमा कानूनी व्यवस्था गर्न २०७८ माघ मसान्तभित्र मस्यौदा तयार गरी पेश गर्ने गरी तपसिलको एक निजीस्रोत शिक्षकको पारिश्रमिक व्यवस्थापन तथा सेवा शर्त र सुविधा सम्बन्धी कार्यविधि मस्यौदा तर्जुमा समिति गठन गर्ने र उक्त समितिले तयार गरी पेश गरेको मस्यौदा उपर आगामी बैठकमा छलफल गरी उपयुक्त निर्णय गर्ने निर्णय गरियो ।

**तपसिल**

सामाजिक विकास समित सदस्य गिता पन्त- संयोजक
शिक्षा, युवा तथा खेलकुद मशाशाखा प्रमुख श्री नरेन्द्र बहादुर खाती – सदस्य
कानून शाखाका कानून अधिकृत श्री खडक सिंह कुन्जेडा – सदस्य
सामुदायिक विद्यालय निजीस्रोत शिक्षक नगर संघर्ष समिति अध्यक्ष श्री बालाराम जोशी – सदस्य
माध्यमिक शिक्षा शाखा प्रमुख श्री अकबर चन्द –सदस्य
सामुदायिक विद्यालयका प्रधानाध्यापक श्री प्रेम बहादुर शाही – सदस्य
शिक्षा, युवा तथा खेलकुद महाशाखाका शिक्षा अधिकृत श्री जयराज जैशी – सदस्य सचिव

**निर्णय नं. ३८**

नेपाल निजामती कर्मचारी युनियनको साधारण सभामा शिवशक्ति भोजनालयबाट मिति २०७८/०९/ १६, १७ र १८ गते गएको चिया खाजा पानिको विल अनुसारको विविध शिर्षकबाट रु. ५०,०००|– (अक्षरेपी पचास हजार) भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३९**

आ.व. ०७९/ ८० का लागि तराई मधेश समृद्धि कार्यक्रमका लागि निर्देशिका अनुसार तपसिलका योजना तथा कार्यक्रमहरु माग गरि पठाउने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | प्राथमिकता नं. | कैफियत |
|---|---|---|---|
| १. | धनगढी-१६ रामपुर खेम चन्दको घर नजिक खोलामा तटबन्ध निर्माण । | १ | |
| २. | धनगढी-५ पदम ओझाको घर देखि पूर्व चोकसम्म नालि सहित कालोपत्रे सडक निर्माण । | २ | |
| ३. | धनगढी-१ देखि मोहना घाट सबदाह स्थल जोड्ने सुकुटी खोलामा Truss Bridge निर्माण | ३ | |
| ४. | धनगढी- ५ र ६ जाली खोलामा प्रेम शाहको जग्गा नजिक तटबन्ध गर्ने काम | ४ | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ५. | धनगढी-३ विशालनगर जनता आ.वि. को भवन निर्माण | ५ | |
| ६. | धनगढी-४ तुलसी चोक भन्दा उत्तर भुरी प्रसाद जोशीको घर देखी केशव पन्तको घरसम्म पक्की नाली निर्माण गर्ने कार्य | ६ | |
| ७. | धनगढी-५ लक्ष्मी पोल्ट्री फर्मबाट भित्र जाने सडक निर्माण गर्ने कार्य | ७ | |

**निर्णय नं. ४०**

स्थानीय संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यविधि, २०७७ (पहिलो संशोधन) अनुसार यस उप-महानगरपालिकामा पनि आ.व. २०७७/०७८ को संस्थागत क्षमता स्वमूल्याङ्कन गर्दा जम्मा औषत प्राप्तांक अंक ७२ प्राप्त भएको र स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको कार्यविधि अनुसार स्थानीय तहहरुले पौष मसान्तभित्र स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा कार्यपालिकाबाट स्वीकृत गरि माघको पहिलो हप्ताभित्र आ-आफ्नो वेबसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्नुपर्ने व्यवस्था भएकोले उल्लेखित प्राप्तांक तथा स्वमूल्यांकन सम्बन्धि (समग्र स्थिति, प्रक्रियागत स्थिति र परिमाणात्मक स्थिति) जानकारी गराउँदै र संस्थागत क्षमता समूल्याङ्कन प्राप्तांक अंक ७२ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४१**

यस कार्यालय अन्तरगत शहरी स्वास्थ्य पर्वद्धन केन्द्र, वेलीमा कार्यरत सहायक चौथो तह (स्टाफ नर्स) श्री शान्ती बोहराले स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ३२ (क) बमोजिम शैक्षिक अवधि ३ वर्ष (२०७८/०८/२१ गते देखि २०८१/०८/२१ सम्म) का लागि तलबी अध्ययन विदा स्वीकृत गरि पाउँ भनि निवेदन पेश गर्नु भएको र श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट समायोजन भई आएका स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुलाई त.भ. खुवाउन नसकेको अवस्था रहेकोले वेतलबी विदा स्वीकृत गरि दिन श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सिफारिस गरिदिने निर्णय गरियो ।

**निर्णय नं. ४२**

धनगढी-१२ ए गाउँमा रहेको मनकामना युवा क्लबको खेलमैदान २५ वर्षका लागि क्लबलाई हस्तानान्तरण गर्ने निर्णय गरियो

**निर्णय नं. ४३**

धनगढी-१२ मनकामना युवा क्लबको खेलमैदानमा पूर्वाधार निर्माणका लागि नियमानुसार ध.उ.म.न.पा. ले ब्यहोर्नु पर्ने लागत सहभागिता व्यहोर्ने प्रतिबद्धता सहित पूर्वाधार निर्माणका लागि युवा तथा खेलकूद मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४४**

यस उप- महानगरपालिकाको आ.व. २०७८/०७९ को स्वीकृत कार्यक्रम तर्फ तपसिलका कार्यक्रममा विनियोजित बजेट देहाय बमोजिमको कार्यक्रममा संशोधन गर्ने निर्णय गरियो ।

| क्र.स. | स्वीकृत कार्यक्रम | बजेट शिर्षक | बजेटको स्रोत | बजेट रु. हजारमा | परिवर्तन गरि बजेट थप गर्नु पर्ने कार्यक्रम | बजेट रु हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | साना सिचाई सहयोग कार्यक्रम (पेज नं. १६५ सि.न. ८४४) | ३११५५ | ऋण (नेपाल सरकार समानिकरण अनुदान) | ५००० | साना सिचाई सहयोग कार्यक्रम | ५००० | |
| २. | एक वडा एक कृषि उत्पादन लक्षित मिनिपकेट कार्यक्रम (पेज न. १६५ सि.न. ८४१) | २२५२९ | ऋण (नेपाल सरकार समानिकरण अनुदान) | ३००० | साना सिचाई सहयोग कार्यक्रम | ३००० | |
| ३. | सहकार्यमा कस्टम हायरिङ | २२५२९ | ऋण (नेपाल | २००० | साना सिचाई सहयोग | २००० | |

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सेन्टर स्थापना (पेज नं. १६५ सि.न. ८४०) | | सरकार समानिकरण अनुदान) | | कार्यक्रम | | |
| ४. | व्यवसायीक कृषकलाई तरकारीको बीउमा अनुदान (पेज नं. १६४ सि.न.८२३) | २२५२२ | ऋण (नेपाल सरकार समानिकरण अनुदान) | ४०० | व्यवसायीक कृषकलाई तरकारी बीउमा अनुदान | १०० | |
| | | | | | किसान सूचिकरण कार्यक्रम संचालन (पेज नं. १७७ सि.नं. ९४४) | ३०० | |
| ५. | च्याउको बीउ बितरण ५० प्रतिशत अनुदान (पेज नं. १६५ सि.न. ८३५ | २२५२२ | ऋण (नेपाल सरकार समानिकरण अनुदान) | ५०० | च्याउको बिउ वितरण ५० प्रतिशत अनुदान | २५० | |
| | | | | | किसान सूचिकरण कार्यक्रम संचालन (पेज नं. १७७ सि. ९४४) | २५० | |
| | | | | | किसान सूचिकरण कार्यक्रम संचालन जम्मा थप बजेट | ५५० | |

**निर्णय नं. ४५**

यस उप-महानगरपालिकाको आ.व. २०७८/०७९ को स्वीकृत कार्यक्रम तर्फको किसान क्रेडिट कार्ड र किसान सूचिकरण कार्यक्रम वडा नं. ६,९, १२, १६ र १७ गरि जम्मा ५ वटा वडाहरुमा संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४६**

आ.व. ०७८/०७९ को देहाय अनुसारका स्वीकृत कार्यक्रम परिवर्तन गरि कार्यान्वयन गर्ने निर्णय गरियो।

| क्र.सं. | कार्यक्रम | विनियोजित रकम रु. | परिवर्तन गरिएको कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | भूकम्प प्रतिरोधात्मक तालिम | १०,००,०००।- | ईन्धन कर्मचारी | १५००,०००।- | |
| २. | सेवा परामर्श | १०,००,०००।- | ईन्धन सवारी साधन | १०,००,०००।- | |
| ३. | राजस्व परामर्श तालिम | ५००,०००।- | | | |

**निर्णय नं. ४७**

कैलालीको निर्वाचन क्षेत्र नं. ५ का संघीय सांसद माननीय श्री नारदमुनी राना यस निर्वाचन क्षेत्रमा अनुगमन गर्न आउदा प्रयोग गरिएको बा. १५ च. ८०६९ नम्बरको जीप/ गाडीको गत आ.व. देखीको भूक्तानी हुन बाँकी रहेको भाडा रकम रु. ४००,०००।– (चार लाख) विविध शिर्षकबाट कर कट्टी गरी भूक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ४८**

धनगढी-१५ का वडा अध्यक्ष श्री फुलराम चौधरीले प्रयोग गर्दै आएको से.१ व ६१५ नम्बरको मोटर साइकल तोडफोड पश्चात मर्मत सम्भार गरी भीसेन अटोमोबाईल प्रा.लि. धनगढी, कैलालीको रकम रु. ४५,५५०।– भूक्तानी नभएका कारण उक्त मोटरसाइकल प्रयोगमा आउन नसकेको कारण उक्त रकम उक्त फर्मलाई भूक्तानी गरी मोटरसाईकल वडा कार्यालयमा ल्याई प्रयोगमा ल्याउने निर्णय गरियो।

Scanned with CamScanner